# कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
२०७४

मधेश प्रदेश, नेपाल

पत्र संख्या: ०७९/०८०

चलानी नं.: १९०

मिति: २०७९।०५।०९

(छाप: कविलासी नगरपालिका नगर कार्य पालिकाको कार्यालय, सर्लाही, कविलासी, मधेश-प्रदेश, नेपाल)

विषय- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सम्बन्धमा ।

श्री वडा कार्यालय सवै
कविलासी नगरपालिका कविलासी सर्लाही ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग को प.स.२०७९।०८० च.नं.१४८ मिति २०७९।०४।२३ को पत्र यसै साथ संलग्न राखिएको छ। सोही बमोजिम गर्न/गराउनु हुन जानकारी गराइन्छ ।

२०७९।०५।१२

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
- श्री सूचना प्रविधि शाखा website मा upload गरिदिनु हुन ।

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं :- १४८

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति : २०७९/०४/२३

विषयः व्यक्तिगत घटना दर्ता व्यवस्थापन सम्बन्धमा ।

श्री महानगरपालिकाको कार्यालय, सबै।
श्री उप-महानगरपालिकाको कार्यालय, सबै।
श्री नगरपालिकाको कार्यालय, सबै।
श्री गाँउपालिकाको कार्यालय, सबै।

प्रस्तुत सन्दर्भमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ तथा नियमावली, २०७७ (संशोधन समेत) अनुसार ७५३ स्थानीय तहका ६२६५ वडा कार्यालयहरुवाट व्यक्तिगत घटना (जन्म, मृत्यु, बिवाह, सम्वन्ध विच्छेद र बसाईसराइ) दर्ता हुदै आएको विदितै छ। तथापी तपसिलमा उल्लेखित विषयमा बिभिन्न पालिका तथा वडाहरुबाट यस विभागलाई पटक पटक सोधी पठाउने गरेको सन्दर्भमा देहाय वमोजिम गर्न, गराउन स्पष्ट गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१. कतिपय स्थानीय तहमा एक जना स्थानीय पञ्जीकरधिकारीले एक भन्दा बढी वडा कार्यालयबाट व्यक्तिगत घटना दर्ता गर्दा वडा कार्यलयको गलत प्रविष्टी भएको पाईएकोले सो सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृत तहबाट निर्णय गराई सम्बन्धित स्थानीय तहको Admin Account बाट व्यक्तिगत घटना दर्ता प्रणालीमा कानुन वमोजिम संशोधन गर्न सकिने।

२. बसाई सरी आएको स्थानीय तहमा दर्ता भएका, कर्मचारीको परिवारको आधारमा दर्ता भएका र घटना घटेको ठाउँमा दर्ता भएका व्यक्तिगत घटना दर्ताका प्रमाणपत्रको संशोधन तथा प्रतिलिपि जारी गर्दा व्यक्तिगत घटना दर्ता भएका स्थानीय तहबाट प्राप्त प्रमाणित अभिलेखको आधारमा हालको स्थायी ठेगानाबाट मात्र प्रमाणपत्र जारी गर्ने/ गराउने व्यवस्था गर्ने।

३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ बमोजिम घटना घटेको स्थानीय तह वा बाबु आमाको स्थायी ठेगाना रहेको वडा कार्यलय वा कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालय रहेको वडा कार्यालयमा कार्यरत कार्यालयको आधिकारिक पत्रको आधारमा बाहेक अन्य ठाउँमा घटना दर्ता नगर्ने र यसअघि कुनै त्यस्तो घटना दर्ता भएको पाईएमा सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यलयबाट प्रमाणित अभिलेख मगाई स्थायी ठेगाना रहेको पञ्जीकाधिकारीको कार्यलयमा अभिलेख कायम गरी प्रमाणपत्रको संशोधन तथा प्रतिलिपि जारी गर्ने व्यवस्था गर्ने।

४. व्यक्तिगत घटना दर्ता गर्दा सूचकले सहिछाप गरेको सूचना फाराम र स्थानीय पञ्जीकाधिकारीले हस्ताक्षर गरेको प्रमाणपत्रको Scan प्रति VERSP-MIS प्रणालीमा अपलोड गर्ने ब्यवस्था मिलाउने र उक्त कार्यको लागि स्थानीय पञ्जीकाधिकारीलाई सहजीकरणको आवश्यक परेमा एम. आई. एस. अपरेटरलाई वडा कार्यालयमा खटाउने व्यवस्था गर्ने

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति :.........................

५. कुनै व्यक्तिको व्यक्तिगत घटना दर्ता नम्बर (१३ अंकको) स्थायी ठेगाना भन्दा फरक वडा कार्यालयबाट जारी भएतापनि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको लागि सोही दर्ता नम्बर प्रयोग गर्न सकिने व्यवस्था प्रणालीमा भएको हुँदा सोही अनुसार गर्ने।

६. बसाईसराई दर्ता गर्दा परिवारको सदस्यमध्ये सूचक बस्न योग्य नभएको ब्यक्ति (नाबालक) छुटेको भएमा एक बर्षभित्र भएमा नियमानुसार संशोधन गर्न र संशोधन गर्ने अवधि समाप्त भएको भए बसाईसराई गएको घरमुली वा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य सूचक राखी नयाँ बसाईसराई दर्ता गर्ने।

७. बसाईसराईको लगत हस्तान्तरण गर्दा नियमावलीको नियम १९ मा व्यवस्था भए अनुसार अन्य सबै व्यक्तिगत घटना दर्ता गरेपछी मात्र गर्नुपर्नेमा कतिपय स्थानीय तहले सो नगरेको पाईएकोले नियम अनुसार गर्ने/गराउने।

८. धर्मपुत्र, धर्मपुत्रीको घटना दर्ता गर्दा अदालतको प्रमाणको आधारमा धर्म बाबु आमाको स्थायी ठेगानाबाट दर्ता गर्ने।

(मीना अर्याल)
निर्देशक